मा.मन्त्रीस्तरबाट स्वीकृत मिति: २०७७/०८/१७

# अल्पकालिन सेवा केन्द्र सञ्चालन कार्यविधि, २०७७

प्रदेश सरकार

**सामाजिक विकास मन्त्रालय,**

सुदूरपश्चिम प्रदेश

कैलाली

# अल्पकालिन सेवा केन्द्र सञ्चालन कार्यविधि, २०७७

**प्रस्तावना:** सुदूरपश्चिम प्रदेशमा हिंसाबाट पीडित महिला तथा बालबालिकाको उद्धार, संरक्षण, स्वास्थ्य उपचार, मनोसामाजिक परामर्श, कानूनी सेवा एवम् पारिवारिक तथा सामाजिक पुनर्स्थापना लगायतका कार्य गर्नका लागि आवश्यक प्रकृया निर्धारण गरी अल्पकालिन सेवा केन्द्र सञ्चालन गर्न वाञ्छनिय भएकाले,

सुदूरपश्चिम प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयले यो कार्यविधि जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१)यस कार्यविधिको नाम "अल्पकालिन सेवा केन्द्र सञ्चालन कार्यविधि, २०७७"रहेको छ।

(२) यो कार्यविधि मन्त्रालयको मन्त्रिस्तरिय निर्णयबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "सेवा केन्द्र" भन्नाले दफा ५ बमोजिम स्थापना तथा संचालन भएका हिंसा पीडित महिला तथा बालबालिकाहरुका लागि सञ्चालित अल्पकालिन सेवा केन्द्रलाई सम्झनु पर्छ ।

(ख) "मन्त्रालय" भन्नाले सामाजिक विकास मन्त्रालयलाई सम्झनु पर्छ ।

(ग) "कार्यालय" भन्नाले जिल्लास्थित सामाजिक विकास कार्यालयलाई सम्झनु पर्छ ।

(घ) "सम्प्रेषक" भन्नाले यस कार्यविधि बमोजिम हिंसाबाट पीडित महिला तथा बालवालिकालाई उद्धार, संरक्षण, स्वास्थ्य उपचार, मनोसामाजिक परामर्श, कानूनी सेवा एवम् पारिवारिक तथा सामाजिक पुनर्स्थापना लगायतका कार्य गर्नका लागि सेवा केन्द्रमा प्रेषण गर्ने निकाय वा व्यक्ति सम्झनु पर्छ ।

(ङ) "समिति" भन्नाले दफा ११ बमोजिमको समन्वय तथा निर्देशन समितिलाई सम्झनु पर्छ ।

(च) "पीडित" भन्नाले हिंसाबाट प्रत्यक्ष रुपमा पीडामा परेका र हिंसाबाट प्रभावित भएका महिला तथा वालवालिका सम्झनु पर्छ ।

३. **सेवा केन्द्रको उद्देश्यः** यस कार्यविधि बमोजिम स्थापना हुने सेवा केन्द्रको उद्देश्यहरु देहाय बमोजिम हुनेछनः

(क) हिंसाबाट पीडित प्रभावित महिला तथा बालबालिकाको उद्धार, संरक्षण , स्वास्थ्य उपचार, मनोसामाजिक परामर्श, कानूनी सेवा एवम् पारिवारिक तथा सामाजिक पुनर्स्थापना लगायतका कार्य गर्ने।

(ख) हिंसा सम्बन्धी घट्नाहरुलाई न्याय प्रकृयामा लैजान पहल गर्ने र लैगिक हिंसा विरुद्ध सामाजिक जागरण ल्याउने।

४. लक्षित समुह: सेवा केन्द्रले देहायबमोजिमको समुहहरुलाई आवश्यक सेवाहरु उपलब्ध गराउनुपर्नेछ।

(क) सबै किसिमका लैगिंक हिंसाबाट पीडित महिला तथा वालवालिकाहरु.

(ख) लैगिक हिंसाको जोखिमयुक्त परिस्थितिमा रहेका बेवारिसे एवं शारिरीक तथा मानसिकरुपले अशक्त महिला तथा बालबालिका ।

स्पष्टिकरणः पीडित बालकलाई सेवा केन्द्रमा राख्दा उक्त केन्द्रमा आश्रित महिला तथा बालिकाहरुलाई जोखिम हुन सक्ने अवस्थामा उक्त पीडित बालकलाई छुट्टै कोठामा राखी विशेष सावधानी तथा सुरक्षा सतर्कता अपनाउनु पर्नेछ ।

५. सेवा केन्द्रको स्थापना, सञ्चालन तथा कार्यक्षेत्रः (१) प्रदेश सरकारले दफा ३ को उद्देश्य पुर्ति गर्नका लागि प्रत्येक जिल्लाको सदरमुकाममा एउटा सेवा केन्द्र स्थापना तथा सञ्चालन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम सेवा केन्द्र स्थापना गर्दा साविकमा जिल्लास्तरमा महिला तथा बालबालिका कार्यालय मार्फत सञ्चालित लैंगिक हिंसामा परेका महिलाहरुका लागि अल्पकालिन सुरक्षित आवास गृह (सेफ हाउस) लाई निरन्तरता दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम अल्पकालिन सुरक्षित अवास गृह साविकमा सञ्चालन नभएको जिल्लामा मन्त्रालय मार्फत सञ्चालनमा आएका वा विगतमा मन्त्रालयबाट अनुदान प्राप्त गरी जिल्लास्तरमा हिंसा पीडित महिला तथा बालबालिकाहरुको उद्धार, संरक्षण, स्वास्थ्य, उपचार, मनोविमर्श कानूनी सेवा एवम् पारिवारिक तथा सामाजिक पुनर्स्थापना लगायतका सेवा प्रदान गर्न संचालन भैरहेका संस्थाहरुलाई निरन्तरता दिनु पर्दछ ।

(४) उपदफा (२) र (३) बमोजिम केन्द्र / संस्था जिल्लामा नभएको अवस्थामा यस्तो प्रकारको सेवा प्रवाह गर्ने गैर सरकारी संस्था भएमा सोलाई नै सञ्चालनको जिम्मेवारी दिन सकिनेछ. तर त्यस्तो सेवा प्रवाह गर्नेसंस्था एक जिल्लामा एक भन्दा बढि भएमा समितिले सेवा प्रवाह, संस्थागत क्षमता, संस्थाको शाख लगायतका पक्षका आधारमा निर्णय गरी संस्था छनोट गर्नुपर्नेछ।

(५) उपदफा (४) बमोजिमको संस्था छनोट गर्दा समितिले आवश्यक मापदण्ड बनाउन सक्नेछ ।

(६) सेवा केन्द्र सञ्चालनका लागि प्रदेश सरकारले आवश्यक बजेट व्यवस्था गर्नेछ ।

(७) यस कार्यविधि बमोजिम स्थापना तथा सञ्चालन हुने सेवा केन्द्रलाई सम्बन्धित जिल्लाका स्थानिय तहले आर्थिक अनुदान दिन सक्नेछन। यसरी अनुदान उपलब्ध गराउदा सम्बन्धित जिल्लाको सामाजिक विकास कार्यालयलाई जानकारी गराउनु पर्नेछ ।

(८) सेवा केन्द्रको सेवा प्रवाहको अवस्था सन्तोषजनक भएमा समितिको निर्णयानुसार कार्यालयले उक्त सेवा केन्द्र सञ्चालक संस्थासंग पछिल्लो अर्थिक वर्षमा समेत सेवा निरन्तरताका लागि सम्झौता नविकरण गर्न सक्नेछ ।

(९) सेवा केन्द्रको कार्यक्षेत्र सम्बन्धित जिल्लाभित्र हुनेछ ।

६. कार्य जिम्मेवारी: यस कार्यविधि बमोजिम संचालन भएका सेवा केन्द्रको कार्य जिम्मेवारी देहायबमोजिम हुनेछः-

(१) हिंसाबाट पीडित महिला तथा बालबालिकाहरुका लागि दफा ९ र १० बमोजिमको खानेबस्ने व्यवस्था भएको सेवा केन्द्र संन्चालन गर्नुपर्नेछ ।

(२) सेवा केन्द्र सञ्चालन गर्दा लागेको यथार्थ खर्च समितिबाट अनुमोदन गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिमको आश्रयस्थलमा संरक्षित महिला तथा बालबालिकालाई निजको अवस्था अनुसार देहायका सेवा सुविधा प्रदान गर्नुपर्नेछ।

(क) शारीरिक चोटपटकको औषधोपचार,

(ख) मनोसामाजिक परामर्श,

(ग) न्यायमा पहुँच दिलाउन आवश्यक कानूनी परामर्श एवं सेवा,

(घ) कानून कार्यान्वयन गर्ने निकायहरुसँग समन्वय तथा सम्पर्क सेवा,

(ङ) जिल्ला अस्पताल वा एकद्वार संकट व्यवस्थापन केन्द्र (OCMC) बाट प्राप्त अन्य सेवा,

(च) समितिले तोकेका अन्य सेवा।

(४) गम्भीर घटना भएको अवस्थामा वा पारिवारिक मेलमिलापको पहल गर्दा पीडितको अहित हुने अवस्था भएमा पीडित महिलालाई तत्काल संरक्षणमा लिई आवश्यकता अनुसार उपदफा (२) बमोजिमका सेवा प्रदान गर्ने,

(५) पीडित महिलाको पारिवारिक पुनर्मिलन, पुनःस्थापना, लगायतका कार्यका लागि आवश्यक पहल गरी व्यबस्थापन गर्ने,

(६) पीडितलाई पारिवारिक पुनर्मिलन, पुनःस्थापना एवं सम्प्रेषककहाँ फिर्ता पठाएपछि घटनाको पुनरावृत्ती नहोस भन्नका लागि आवश्यक निगरानी तथा अनुगमन गर्ने,

(७) स्थानिय तह लगायत अन्य सरोकारवाला निकायहरुसंग समन्वय, सहकार्य र पैरवी गर्ने,

(८) न्यायप्राप्त गर्ने सिलसिलामा प्रचलित कानून बमोजिम तत्काल गर्नुपर्ने कार्य, सुरक्षित राख्नुपर्ने प्रमाण लगायतका विषयमा पीडितलाई परामर्श दिनुका साथै आवश्यकता अनुसार सहयोग गर्ने,

(९) गरिखाने आधार केहिपनि नभएको वा पारिवारिक पुनर्मिलनको प्रयास फलदायी नभएको पीडितको हकमा जिविकोपार्जनका लागि आवश्यक सहयोग गर्न समितिको निर्णय अनुसार उचित व्यवस्थापन गर्ने,

(१०) पीडितलाई ममता, सहानुभूतिपूर्ण एंव सम्मानजनक व्यवहारको सुनिश्चितताका लागि लिखित आचारसंहिताको व्यवस्था गर्ने,

(११) पीडितको पहिचानको गोप्यता कायम राख्ने व्यवस्थाको साथै इच्छा विपरितको कुनैपनि कार्य नगर्ने,

(१२) अनुमति बिना कसैलाई पनि सेवा केन्द्रमा प्रवेश गर्न नदिने,

(१३) सेवा केन्द्रमा उजूरी पेटिकाको व्यवस्था गर्ने र आएका उजुरीहरुलाई समितिको बैठकबाट सम्बोधन गर्ने,

(१४) सेवा केन्द्रको उद्देश्य प्राप्तिका लागि मन्त्रालय, कार्यालय र समितिले तोकेका अन्य कार्य गर्ने।

७. सेवा लिने प्रक्रिया: लैंगिक हिंसाबाट पीडित महिला तथा बालबालिकाहरुलाई सेवा केन्द्रले सेवा प्रवाह गर्दा देहायका प्रकियाहरु अपनाउनुपर्नेछ:-

(क) अनुसूची -१ बमोजिमको ढाँचामा पीडितको निवेदन संकलन गर्ने। पीडितले निवेदन लेख्न नसक्ने भएमा सेवा केन्द्रका कर्मचारीले निवेदन लेखिदिनुपर्नेछ ।

(ख) निवेदनसाथ सेवा केन्द्रको कार्यक्षेत्रभित्रका स्थानिय तह वा प्रहरी कार्यालय वा एकद्वार संकट व्यवस्थापन केन्द्र (OCMC) वा अन्य आधिकारिक निकायको पत्र संलग्न राख्नुपर्नेछ ।

(ग) सम्प्रेषकको तर्फबाट सेवा केन्द्रमा पीडितलाई पठाउदा कुन -कुन सेवाका लागि हो सो कुरा जनाउनुपर्नेछ र प्रभावित महिलासँगै बालबालिका पनि भए उनीहरुको विवरण समेत खुलाउनु पर्नेछ।

(घ) सम्प्रेषण गर्दा पीडितलाई एक्लै पठाउनु हुदैंन। सामान्यतया एकजना र गम्भीर चोटपटक लागेको भए दुईजनासम्म साथमा लिएर पठाउनुपर्दछ । साथै साथी दिई पठाएका व्यक्तिको विवरण समेत सम्प्रेषण गर्दा खुलाउनुपर्दछ ।

८. सेवा प्रदान गरिने अवधि: (१)सेवा केन्द्रमा सेवा लिन आउने पीडित महिलालाई बढिमा ४५ दिनसम्म खान,बस्नको लागि व्यवस्था गर्न सकिनेछ।

(२) सेवा केन्द्रले सेवा लिन आउने महिलाको अवस्था अनुसार निःशुल्क स्वास्थ्य उपचार,न्यायिक प्रकृयामा सहयोग पुरयाउने र सल्लाह दिने, मनोसामजिक परामर्श तथा पुनर्स्थापनाको कार्य र मन्त्रालय तथा समितिले तोकेका अन्य कार्यहरु समेत गर्नुपर्नेछ ।

(३) ४५ दिनसम्म प्रभावितको व्यवस्थापन हुन नसकेमा १५ दिन थप गरी ६० दिनसम्म सेवा केन्द्रमा राख्न सकिनेछ ।

(४) ६० दिनसम्म केन्द्रमा राख्दा पनि व्यवस्थापन हुन नसकेमा समितिले आवश्यक निर्णय गर्नुपर्नेछ।

(५) सेवा केन्द्रमा पीडितलाई माथि उल्लेखित अवधिसम्म एकै पटक वा पटक पटक गरी राख्न सकिनेछ ।

९. **खर्च मापदण्डः** यस कार्यविधि बमोजिम सेवा उपलब्ध गराउँदा देहायका क्षेत्रमा देहाय बमोजिमको मापदण्ड अपनाउनुपर्नेछः-

(क) **कानूनी उपचारः**(१)पीडितहरुको कानूनी उपचारका लागि कानूनी सहायता समिति, वैतनिक वकिल, सरकारी वकिल मार्फत कानूनी उपचारको बन्दोबस्ती मिलाउनुपर्नेछ । यस माध्यमबाट कानूनी उपचार गर्न सम्भव नभई निजी कानून व्यवसायी व्यवस्थापन गर्नु परेमा बढीमा पाँच हजार रुपैया खर्च गर्न सकिनेछ ।

(२) उपखण्ड (१) बाहेक सवारी साधनको भाँडा वापत आते जाते लागेको बिल बमोजिमको खर्च ।

(३) सुरु तहको अदालतमा उपखण्ड(१) बमोजिमको रकम खर्च भईसकेको, पीडितले मुद्दा हारी पुनरावेदन गर्नुपर्ने परिस्थिति सिर्जना भएको र सोको लागि वैतनिक वकिल तथा निःशुल्क कानूनी सहायता प्राप्त हुन नसकेको अवस्थामा पुनरावेदन तहमा निजी कानून व्यवसायी राख्न थप रु.पाँच हजार रुपैया खर्च सकिनेछ ।

(४) न्यायिक प्रकृयाको सिलसिलामा न्यायिक निकायको आदेशले परिक्षण गर्नुपर्ने सबै प्रकारका परिक्षणमा लागेको यथार्थ खर्च।

(५) वेवारिसे पीडित वालवालिकाको उमेर यकिन गर्न उमेर जाँच गराउनुपर्ने अवस्थामा उमेर चेकजाँच गर्न अस्पतालमा लागेको खर्च ।

(६) कानूनी परामर्शदाता आवश्यक परेको बखत उपलब्ध हुन सक्ने गरी व्यवस्था मिलाउनु पर्नेछ।

(ख) **भोजनः**(१)केन्द्रमा रहेको अवधिभर प्रति पीडितका लागि दैनिक तीनसय पचाँस रुपैयासम्मको खाना तथा खाजा बापत खर्च गर्न सकिनेछ ।

(२) दैनिक खानेकुरामा देहायबमोजिमका खानेकुराहरु समावेश गराउनुपर्नेछः

(क) बिहान चियासंगै हल्का खाजा

(ख) दिउँसो खाना,

(ग) अपरान्ह खाजा,

(घ) बेलुकि खाना,

(ङ) मांसाहारीका लागि सातामा २ पटक माछामासु तथा साकाहारीका लागि दुध दहि फलफुल,

(च) शुद्ध पिउने पानीको व्यवस्था,

(छ) बालबालिकाको हकमा तोकिएको खर्च सिमामा रही उमेर अनुसारको आवश्यक खानाको व्यवस्था हुनुपर्नेछ।

(ग) <u>लत्ता कपडाः</u>(१) केन्द्रमा भर्ना भएका प्रत्येक व्यक्तिका लागि आवश्यक ओढ्ने, बिछ्यौना र लत्ता कपडा नभएकालाई एकसरो लगाउने लुगा र एकजोर चप्पलको व्यवस्था गर्नुपर्नेछ ।

(२) उपखण्ड (१) बमोजिमको व्यवस्था गर्दा केन्द्रमा रहेको अवधिभर प्रति पीडितका लागि आवश्यक्ता हेरी मौसम अनुसार लत्ता कपडाको लागि पाँच हजार रुपैंयासम्म खर्च गर्न सकिनेछ ।

(घ) <u>मनोसामाजिक परामर्शः</u>(१) प्रति पीडित व्यक्ति वा आश्रीत बालबालिकाहरुका लागि आवश्यक मनोसामाजिक परामर्श सेवाका लागि चार हजार रुपैंया ननाघ्ने गरी खर्च गर्न सकिने ।

(२) मनोसामाजिक परामर्शकर्ता आवश्यक परेको बेला उपलब्ध हुन सक्ने गरी व्यवस्था मिलाउनु पर्नेछ ।

(ङ) <u>स्वास्थ्योपचारः</u> (१)सेवा केन्द्रमा प्राथमिक उपचार बाकसको व्यवस्था हुनुपर्नेछ ।

(२) पीडितलाई एकद्वार संकट व्यवस्थापन केन्द्र (OCMC) सञ्चालन गरीरहेको अस्पताल वा नजिकको स्वास्थ्य संस्थाबाट आवश्यक स्वास्थ्य उपचार गराउने व्यवस्था मिलाउनु पर्नेछ। ।

(३) निशुःल्क उपचार हुन नसक्ने अवस्थामा समितिको निर्णयानुसार लागेको खर्च एंव जिल्ला बाहिर प्रेषण गर्नुपर्ने भएमा यातायात खर्च समेत गर्न सकिनेछ ।

(च) <u>व्यवस्थापन खर्च र जनशक्तिः</u> (१) सेवा केन्द्र संचालनको लागि आवश्यक पर्ने कार्यालय सामाग्री, बिद्युत, पानी, टेलिफोन खर्च प्रति महिना तिन हजार रुपैयामा नबढ्ने गरी बिल बमोजिमको यथार्थ खर्च गर्न सकिनेछ।

(२) सेवाकेन्द्र सञ्चालनका लागि आवश्यक जनशक्तिको व्यवस्थापन गर्दा समितिको सिफारिसमा १ जना संयोजक ( रा.प.अन.द्धितिय स्तर) र एक जना सहायक (श्रेणी विहिन स्तर) गरी जम्मा २ जना कर्मचारीको व्यवस्थापन गर्न सकिनेछ ।

(३) उपखण्ड (२) बमोजिमका कर्मचारीलाई एक पटक ६ महिनाका लागि सेवा करारमा नियुक्ति गरिनेछ, उक्त कर्मचारीको कार्य सम्पादन सन्तोषजनक भएमा म्याद थप गर्नुपर्नेछ।

(४) सेवा केन्द्रका कर्मचारीलाई नेपाल सरकारबाट स्वीकृत तलब स्केल बमोजिम पारिश्रमिक प्रदान गर्नुपर्नेछ।

(५) जनशक्ती चयन गर्दा विगतमा सेवा केन्द्रमा काम गरिरहेका महिलाहरुलाई प्राथमिकता दिनु पर्नेछ।

(६) सेवा केन्द्रको आफ्नै भवन नभएको अवस्थामा सम्भव भए सम्म सरकारी भवनमा निशुल्क रुपमा सेवा केन्द्र सञ्चालन गर्नका लागि समितिले आवश्यक व्यवस्था गर्नुपर्नेछ। सरकारी भवन उपलब्ध हुन नसक्ने भएमा समितिले निर्णय गरी घर भाडामा लिन सक्नेछ।

(७) समितिको बैठक खर्च (भत्ता र खाजा खर्च) नियमानुसार गर्न सकिनेछ ।

(८) कार्यालयले सेवा केन्द्र सञ्चालन गर्न संस्थालाई आवश्यकता अनुसार पेश्कि दिन सक्नेछ। कार्य प्रगतिको आधारमा चौमासिक रुपमा मापदण्ड र यथार्थ खर्चका आधारमा संस्थाले पेश्की फछ्र्यौट गर्नका लागि कार्यालयमा पेस गर्नु पर्नेछ ।

१०. <u>भौतिक मापदण्डः</u> (१) सेवा केन्द्रको परिसर देहायबमोजिम हुनुपर्नेछ-

(क) चारैतिर झट्ट कोही प्रवेश गर्न नसक्ने गरी अग्लो पर्खाल वा तारबारले घेरिएको,

(ख) हाताभित्र आवश्यकता अनुसार केही खुल्ला परिसर रहेको,

(ग) आवागमन नियन्त्रण गर्न सक्ने खालको बलियो प्रवेशद्वार,

(घ) सुरक्षाको दृष्टिले उपयुक्त स्थान।

(२) सेवाकेन्द्रको आवासगृह देहायबमोजिम हुनुपर्नेछः-

(क) प्रकाश र सम्पातनको राम्रो व्यवस्था भएका कोठाहरु,

(ख) प्रत्येकका लागि छुट्टाछुट्टै खाट,

(ग) प्रभावित बालबालिका लागि छुट्टै बालमैत्री कोठा,

(घ) कार्यालय सञ्चालनका लागी आवश्यक सामाग्री,

(ङ) शौचालय, स्नान गृह, पर्याप्त पानी,

(च) सरसफाईका सामाग्री, भान्सामा प्रयोग हुने आवश्यक भाँडाकुडा

(छ) आवश्यक्तानुसार ठाउँ हेरी पंखा, हिटर

११ <u>समन्वय तथा निर्देशन समितिः</u>(१)सेवा केन्द्रबाट प्रवाह हुने सेवा प्रवाहलाई सरल, सहज बनाई पीडितको शीघ्र उद्दार, व्यवस्थापन एवम् आवश्यक समन्वय, सहजिकरण र दिशानिर्देश गर्न देहाय बमोजिमको एक समन्वय तथा निर्देशन समिति रहनेछ ।

(क) प्रमुख, सामाजिक विकास कार्यालय -संयोजक

(ख) प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय -सदस्य

(ग) प्रमुख, जिल्ला प्रहरी कार्यालय महिला सेल -सदस्य

(घ) प्रतिनिधि, सेवा केन्द्र रहेको स्थानिय तहको न्यायिक समिति -सदस्य

(ङ) प्रमुख, सेवा केन्द्र रहेको स्थानिय तहको महिला शाखा हेर्ने कर्मचारी -सदस्य

(च) संयोजक, एकद्वार संकट व्यवस्थापन केन्द्र -सदस्य

(छ) अध्यक्ष, जिल्लास्थित पत्रकार महासंघ -सदस्य

(ज) अध्यक्ष, जिल्लास्थित गै स स महासंघ -सदस्य

(झ) प्रमुख, सम्बन्धित सेवा केन्द्र वा सुरक्षित आवास गृह -सदस्य सचिव

(२) समितिको बैठक आवश्यकता अनुसार बस्न सक्नेछ, तर चौमासिक रुपमा कम्तिमा एकपटक अनिवार्य रुपमा बस्नु पर्नेछ ।

१२ <u>अभिलेख व्यवस्थापन</u>:केन्द्रले देहाय बमेजिमको अभिलेख राख्नुपर्नेछः

(क) सेवा केन्द्रमा आउने पीडितहरुको विवरण अनुसुची-२ को ढाँचामा दर्ता किताब,

(ख) प्रत्येक पीडित प्रभावितको व्यक्तिगत फाईल,

(ग) संरक्षित व्यक्तिको हाजिरी किताब,

(घ) समन्वय तथा निर्देशन समितिको निर्णय किताब

(ङ) सेवा केन्द्रको आम्दानी र खर्चको यथार्थ विवरण र सो लाई पुष्टी गर्ने कागजात,

(च) स्वास्थ्योपचार, मनोसामाजिक परामर्श, कानूनी सेवा लिएको विवरण,

(छ) अनुसूची- ३ बमोजिमको ढाँचामा सेवाग्राही विवरण किताब,

(ज) कार्यालयलाई अनुसूची -४ बमोजिमको ढाँचामा चौमासिक रुपमा प्रगति विवरण पेस गर्नुपर्नेछ।

(झ) समितिले तोकेका अन्य विवरण

१३ अनुगमनः प्रदेश सरकार र मातहतका निकाय एंव समितिले सेवा केन्द्रको नियमित अनुगमन गर्नेछ। अनुगमनका क्रममा दिईएका सल्लाह सुझावको पालना गर्नु सेवा केन्द्रको दायित्व हुनेछ ।

१४ बाधा अड्काउ फुकाउनेः यो कार्यविधि कार्यान्वयनको क्रममा कुनै वाधा आइपरेमा मन्त्रालयको मन्त्रिस्तरिय निर्णयबाट बाधा अड्काउ फुकाउन सकिनेछ।

१५ प्रचलित कानून बमोजिम हुनेः अन्य कानूनसँग नबाझिने गरी यस कार्यविधिमा लेखिएका कुराहरुमा यसैबमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ।

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
सामाजिक विकास मन्त्रालय
धनगढी, कैलाली
२०७४

अनुसुची -१

(दफा ७ को खण्ड (क) सँग सम्बन्धित)

(पीडितले पेश गर्ने निवेदनको ढाँचा)

मितिः

प्रदेश सचिव

विषयः आवश्यक सहयोग पाउँ ।

श्री प्रमुख ज्यू
अल्पकालिन सेवा केन्द्र,
............... ।

उपरोक्त सम्बन्धमा म हिंसाको जोखिममा/पीडित /प्रभावित/ भएकाले आवश्यक सहयोगका लागि यो निवेदन पेस गर्दछु ।

पिडितको नामः उमेरः ठेगानाः
सम्पर्क नम्बरः
हिंसाको किसिमः पीडितसंग अन्य व्यक्ति पनि प्रभावित भएका भए संख्याः
हिंसा भएको मितिः यदि १ भन्दा बढी पटक हिंसा भएको भए कति पटकः
पीडकको नामः पीडकको ठेगाना, सम्पर्क नम्बरः
पीडक संगको नाता सम्बन्धः
चाहेको आवश्यक सहयोगः
अन्य केहि भए उल्लेख गर्नेः

पीडित प्रभावितको हस्ताक्षर

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
सामाजिक विकास मन्त्रालय
धनगढी, कैलाली
२०७४

## अनुसुची २

(दफा १२ को खण्ड(क) सँग सम्बन्धित)

(दर्ता किताबको ढाँचा)

| दर्ता न | आएको मिति | पीडितको नाम र उमेर | पीडकको नाम | पिडकको उमेर | पिडकसंगको नाता | हिंसा,घटनाको प्रकार | समस्याको विवरण | प्रदान गरिएको सेवा,सहयोग | सिफारिस |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

प्रदेश सचिव

## अनुसुची ३

(दफा १२ को खण्ड(छ) सँग सम्बन्धित)

सेवाग्राही विवरण किताबको ढाँचा

अल्पकालिन सेवा केन्द्र

हिंसा पिडित पिडित प्रभावित सेवाग्राहीहरुको विवरण

सि न                                                                    सेवा केन्द्रमा आएको मितिः

प्रभावितको नाम थरः                    उमेरः            लिगः            ठेगानाः

हिंसाको किसिम, प्रकृतीः                    शारिरक, मानसिक, यौनजन्य

हिंसा, घटनाको विवरणः

घटना घटेको मितिः                    समयः                    स्थानः

पीडकको नाम थरः

पीकको प्रभावित कहिलासंगको नाता, सम्बन्धः

यस अघि अन्य निकायबाट भएको सहयोग, काम, कारबाहीः

निकायः

सहयोगः

सेवा केन्द्रबाट उपलब्ध सेवा विवरणः

आश्रय लिएको मितिः                    देखि                    सम्म

सहयोगी निकायः

अन्यन्त्र सिफारिस गर्नु परेमा

सिफारिस गरेको निकायः                                        मितिः

प्रास सेवाः

परिणामः

अन्य केहि भएः

सेवा केन्द्र प्रमुखको हस्ताक्षर

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
सामाजिक विकास मन्त्रालय
धनगढी, कैलाली
२०७४

# अनुसुची ४

(दफा १२ को खण्ड (ज) सँग सम्बन्धित)

## प्रगति विवरणको ढाँचा

प्रदेश सचिव

जिल्लाको नाम :-

अल्पकालिन सेवा केन्द्र संचालन गर्ने संस्था........................................

आ.व......................................

| सि.न. | हिसांको किसिम | संख्या | गत आ.व सम्मको संख्या | स्वास्थ्य उपचार प्राप्त गर्ने प्रभावितहरु को कुल संख्या | कानुनी सहायता प्राप्त गर्नेहरु मध्ये अदालतमा मुद्धा दायर गरिएका प्रभावितहरुको संख्या | सीप तालिम प्राप्त गर्ने प्रभावितहरु को कुल संख्या | मनोविमर्श सेवा प्राप्त गर्ने | परिवार बाहेक समाजमा पुर्नस्थापना भएका प्रभावितहरुको कुल संख्या | हाल पुर्नस्थापना केन्द्रमा रहेका प्रभावितहरुको कुल संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १.घरेलु हिसां कुटपिट,गालीबेईज्जती,घरनिकाला<br>२. यौन शोषण बलात्कार, यौन दुर्व्यवहार<br>३.बहुविवाह<br>४. बालविवाह<br>५. आत्महत्या<br>६.अन्य | | | | | | | | | |
| | | | | | | | | | | |

पेश गर्ने

नाम :

प्रमाणित गर्ने :

पद:

हस्ताक्षर :